# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, जेठ १५ गते, २०८३ साल (अतिरिक्ताङ्क १५(घ)

## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर १३**

**मूल्य अभिवृद्धि कर (अट्ठाइसौं संशोधन) नियमावली, २०८३**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "मूल्य अभिवृद्धि कर (अट्टाइसौं संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १४ मा संशोधन</u>** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १४ मा रहेका "प्रतिलिपि दस्तुर बापत लाग्ने एक सय रुपैयाँ समेत संलग्न राखी" भन्ने शब्दहरू झिकिएका छन्।

३. **<u>मूल नियमावलीको नियम २३ मा संशोधन</u>** : मूल नियमावलीको नियम २३ को उपनियम (१) को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ :-

"(ज) विभागले तोके बमोजिमको बिक्री खाता।"

४. **<u>मूल नियमावलीको नियम २६ मा संशोधन</u>** : मूल नियमावलीको नियम २६ को उपनियम (३ख) मा रहेका "छापा, विद्युतीय, छापा" भन्ने शब्दहरूको सट्टा "साना तथा मझौला उद्योग, छापा, विद्युतीय छापा" भन्ने शब्दहरू राखिएका छन्।

५. **<u>मूल नियमावलीको नियम ३९क. मा संशोधन</u>** : मूल नियमावलीको नियम ३९क. को उपनियम (१) को खण्ड (क) मा रहेको "टुटफुट," भन्ने शब्द पछि "प्राकृतिक विपद् वा" भन्ने शब्दहरू थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **<u>मूल नियमावलीको नियम ४१ मा संशोधन</u>:** मूल नियमावलीको नियम ४१ को उपनियम (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छ :-

"(ङ) अन्तिम उपभोक्तालाई विद्युत सेवा प्रदान गर्ने व्यक्तिले खरिद गरेका वस्तु तथा सेवा,"

७. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u> :** मूल नियमावलीको अनुसूची-१ को ठाउँ ठाउँमा रहेका "करदाता सेवा कार्यालय" र "तथा करदाता सेवा कार्यालय" भन्ने शब्दहरू झिकिएका छन्।

८. **<u>खारेज</u>** : मूल नियमावलीको नियम ६ग. र अनुसूची-९ खारेज गरिएका छन्।

**आज्ञाले,**
**डा. घनश्याम उपाध्याय**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-**
**गो.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।